# येशू ख्रीष्ट
# अनन्तको बलिदान

**बेट्टी बर्टन चोएट्**

येशू ख्रीष्ट मुक्तिदाता हुनुहुन्छ भनी के तपाई विश्वास गर्नुहुन्छ? यदि तपाई विश्वास गर्नुहुन्छ भने, तपाईलाई अर्को प्रश्न सोध्नेछु: तपाईको मुक्तिको लागि ईश्वरत्वले कति मूल्य चुकाउनुभयो?

धेरै मानिसहरुले सजिलै जवाफ दिनेछन्, "क्रूसमा ख्रीष्टको मृत्यु ।" र यो कथन बिल्कुल सत्य हो । तर के त्यो सम्पूर्ण खर्च थियो?

ख्रीष्टबारेको धेरैजसो अध्ययनहरुले उहाँको आगमन, उहाँको जन्म, उहाँका दृष्टान्तहरु, उहाँका आश्चर्यकर्महरु, उहाँको समयका धार्मिक अगुवाहरुसँगको भिडन्त, र उहाँको मृत्यु, गडाई र पुनरुत्थानका भविष्यवाणीहरु समावेश गर्दछ । म तपाईलाई यो अध्ययनमा, आफैलाई केही प्रश्नहरु सोध्न र ती प्रश्नहरुको जवाफ धर्मशास्त्रमा दिइएका महत्वपूर्ण सत्यहरुलाई विचार गर्न आग्रह गर्दछु ।

## प्रारम्भमा

यूहन्ना १:१-३ ले ईश्वरत्व मध्ये एकजनालाई "वचन" भनेर चिनाउँछ, उहाँ सुरुमा परमेश्वरसँग हुनुहुन्थ्यो र उहाँ परमेश्वर हुनुहुन्थ्यो भनी बताउनुहुन्छ । त्यसपछि पद १४ ले येशू ख्रीष्ट शरीर बनाइनुभएको थियो भनेर व्याख्या गर्दछ ।

रोमी ८:१७ ले घोषणा गर्दछ कि हामी येशू ख्रीष्टको पुत्रत्व मार्फत परमेश्वरका सन्तान हौं, र हामी ख्रीष्टसँग अनन्तकालको लागि उत्तराधिकारी हुनेछौं ।

के तपाईले वचनको लागि अनन्त चित्रको शुरुवाटको यी विवरणहरुमा, र न्याय पछि उहाँको अस्तित्वको चित्र, अनन्तताको दृश्यको खण्ड बारेमा सोच्नुभएको छ? सुरुमा उहाँ ईश्वरत्वमा बराबर हुनुहुन्थ्यो, र न्याय पछि उहाँ मानवताको उद्धारको साथ संयुक्त उत्तराधिकारी हुनुहुनेछ ।

यस्तो परिवर्तन गर्न यी दुई परिस्थितिहरु बीच के स्मारक चीजहरु भयो? ख्रीष्टको अस्तित्वको सम्बन्धमा यी कुराहरुको के अर्थ लाग्छ? हाम्रो मुक्तिको निम्ति साँच्चै ईश्वरत्वको के मूल्य भयो? के यो वचनको लागि केवल उधारिएको शरीरमा, र त्यसपछि मृत्यु र पुनरुत्थानमा त्यो शरीरबाट मुक्ति पाउन ३३ वर्ष थियो?

## यी प्रश्नहरुलाई विचार गर्नुहोस्:

- के हामीले पुरानो नियमको वचन देख्छौं? "परमेश्वरको दूत" को थिए? उहाँ सृष्टि भएको हुन सक्नुहुन्न् किनभने उहाँले प्रारम्भिक रुपमा सधैं परमेश्वरको अधिकारसँग बोल्नुभयो ।
- परिचय पछिका पदहरुमा "परमेश्वर" वा "परमप्रभु" भनियो ।
- उहाँ ईश्वरत्व मध्ये एक हुनुहुन्छ । पुरानो नियमका धेरै खण्डहरु नयाँ नियममा पूरा भएका तथ्यहरुसित मिलाउँदा उहाँलाई वचनको रुपमा चिनिन्छ । प्रस्थान ३ अध्यायलाई नजिकबाट नियालेर पढ्नुहोस्, साथै १४:१९, ३२:३४; न्यायकर्त्ता १३:६; २ शमूएल १४:१७,२०; न्यायकर्त्ता २:१; यशैया ६३:९; १ कोरिन्थी १०:१-४ र यूहन्ना ८:५८ ।
- उहाँलाई "परमेश्वरको पुत्र" भनिन्छ, तापनि पवित्र आत्माको छाँयाबाट उहाँलाई गर्भधारण गरिएको थियो । किन? उहाँको भौतिक जन्म र परमेश्वरको परिवार, मण्डलीमा मानिसको आत्मिक जन्मको बीचमा यो कसरी समानान्तर भयो? पवित्र आत्मा दुवै अवस्थाको जन्ममा संलग्न भएको निकाय हो (१ कोरिन्थी १२:१३) ।
- फिलिप्पी २:५-८ ले बताउँछ कि उहाँले आफैलाई रित्याउनु भयो-के को लागि? शरीरमा हुँदा, के उहाँ परमेश्वर हुन छोड्नुभयो? होइन, उहाँ जे हुनुहुन्थ्यो त्यसलाई रोक्न सक्नुभएन, तर उहाँले आफ्ना अन्तर्निहित अधिकार र शक्तिहरुको प्रयोगलाई पन्छाएर आफूलाई परमेश्वरमा पूर्ण निर्भरताको स्थितिमा राख्नुभयो-जसरी उहाँको परिवारमा सबै दाजुभाइ र दिदी बहिनी सबैको पूर्ण निर्भतरताको अवस्था छ । यो एउटा तरिका थियो जसमा उहाँ आफ्ना भाइहरु जस्तै सबै चीजहरुमा बनाइनुभयो ।
- उहाँको बप्तिस्माको समयमा उहाँलाई पवित्र आत्मा दिइएको थियो-"परमेश्वरले परमेश्वरलाई दिनुभयो? - यो किन आवश्यक छ?" येशूले यूहन्नाको पुस्तक भरि घोषणा गर्नुभएको थियो कि उहाँले जे भन्नुभयो र गर्नुभयो, त्यो पिताको शक्ति र अधिकारद्वारा भयो-उहाँले ईश्वरत्वमा आफ्नो निहित शक्तिबाट केही गर्नुभएन । "रित्तो" शब्द प्रतिक्रियामा, परमेश्वरले उहाँलाई उहाँको पार्थिव सेवाकाइमा जे गर्नु आवश्यक

थियो, त्यो गर्न सक्षम बनाउन पवित्र आत्मा दिनुभयो - जसरी उहाँले उहाँको आत्मा हामीमा बास गर्न दिनुहुन्छ, हामीलाई जे आवश्यक छ त्यो पाउन सक्षम बनाउनुभयो। संसारमा गर्न बाँकी रहेको काम हामीले गर्नुपर्छ।

- कसको शक्तिद्धारा उहाँले आफ्ना आश्चर्यकर्महरु गर्नुभयो? पवित्र आत्माको शक्तिद्धारा त्यसैकारण उहाँले आफ्नो विरुद्धको ईश्वर निन्दालाई क्षमा गर्न सक्नुहुन्छ भनेर स्पष्ट रुपमा बताउनुभयो, तर उहाँका आश्चर्य कर्महरु -पवित्र आत्माका कामहरु- शैतानलाई श्रेय दिने ईश्वर निन्दा होइनन्।
- उहाँ कसरी "सबै कुरामा आफ्ना भाइहरु जस्तै" बनाइनुभयो? उहाँ यस संसारमा मानव शरीरमा आउनुभयो, मानिसका सीमितताहरु सहित, उहाँलाई उहाँको काम गर्नको लागि शक्ति दिन परमेश्वर र पवित्र आत्मामा निर्भर हुनुभयो। जसरी मानिसहरु परीक्षामा परेका छन् उहाँ पनि पापविना सबै कुरामा परीक्षित हुनुभयो। उहाँ मानवको रुपमा पुनरुत्थान हुनुभयो, र उहाँको रुपान्तरित मानव शरीरमा, उहाँ स्वर्गमा उक्लनुभयो। उहाँ अहिले स्वर्गमा, हाम्रा दाजु र मध्यस्थकर्त्ता-मानिस, ख्रीष्ट येशूको रुपमा हुनुहुन्छ (१ तिमोथी २:५)।
- पृथ्वीमा हुनुहुँदा मानिसहरुले के सोचिरहेका थिए भन्ने कुरा येशूले जान्नुभयो, र कहिलेकाही उहाँले जानकारीको लागि सोध्नुहुन्थ्यो। के उहाँ सर्वज्ञ हुनुहुन्थ्यो, ईश्वरत्व मध्ये एकजना हुनुहुन्थ्यो? सर्वज्ञान शक्तिहरुको प्रयोग गर्नु भनेको उहाँका भाइहरुको रुपमा सबचीजहरुमा अवस्थित हुनको लागि उहाँले स्वीकार गर्नुभएको सीमितताहरु मध्ये एक थियो। जब उहाँलाइ मानिसले थाहा पाएको भन्दा बढी जान्न आवश्यक थियो, यो पवित्र आत्माको शक्तिले उहाँलाई त्यो जानकारी देखाइएको थियो। अन्यथा उहाँले हामीले जस्तै सोध्नुहुन्थ्यो।
- के दुःख र मृत्युको मानव डरले बगैंचामा उहाँलाई पीडाको कारण बनायो? के उहाँ शत प्रतिशत परमेश्वर र शत प्रतिशत मानिस हुनुहुन्थ्यो? उहाँको पीडा शरीरको डर होइन्, तर जब उहाँले हाम्रा पापहरुलाई आफ्नै शरीरमा लिनुभयो, ईश्वरत्वमा उहाँको सम्बन्ध सदाको लागि परिवर्तन हुनेछ भन्ने अनुभूति थियो। उहाँको क्रूसको मृत्युपछि उहाँको प्रत्येक वर्णन मानिसको भाइको रुपमा छ, वचनको रुपमा होइन, ईश्वरत्वमा बराबर हुनुहुन्छ।
- इन्साफ पछि, उहाँले राज्यलाई परमेश्वरमा सुम्पनुहुनेछ, र उहाँ आफै परमेश्वरको अधीनमा हुनुहुनेछ भन्नाले के अर्थ लाग्छ? स्पष्ट रुपमा, प्रकाश ३:२१ ले प्रतिज्ञा गर्छ कि ख्रीष्टले अनन्तकालको लागि जे पाउनुहुन्छ, उहाँले आफ्ना भाइहरुलाई बाँड्नुहुनेछ।

**सत्यवाणी नेपाल लगायत अन्य ख्रीष्टियान पुस्तिकाहरू प्राप्त गर्नको निम्ति तलको मोबाइल र इमेलमा सम्पर्क गर्नुहोस्।**
**सत्यवाणी नेपाल, पो.ब.नं. २५९९९**
**मोबाइलः ९८४३०५२०९४**
Voice of truth international
votinepal@gmail.com

# येशू ख्रीष्ट अनन्तको बलिदान

**बेट्टी बर्टन चोएट्स**

